**प्रश्न नं. ३४**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ४०२६ देखि ४१४७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

धादिङ जिल्ला, थाक्रे गाउपालिका वडा नं.३ मा वस्ने आशिष सुनारको जाहेरीले नेपाल सरकार

विरुद्ध

धादिङ जिल्ला, थाक्रे गाउपालिका वडा नं.३ बस्ने ध्रुव बहादुर सुनार

मुद्दा : ज्यान सम्बन्धी कसुर,

(१) धादिङ जिल्ला थाक्रे गाउपालिका वडा नं.३ स्थित पुर्वमा सन्त बहादुर सुनारको घर, पश्चिममा बुद्धिमान सुनारको घर, उत्तरमा कृष्ण बहादुर सुनारको खेतवारी, दक्षिणमा कच्ची बाटो, यति चार किल्लाभित्र कृष्ण बहादुर सुनारको घर रहेको, उक्त घरभित्र प्रतिवादी ध्रुव बहादुर सुनारले मृतक कृष्ण बहादुर सुनारको घाँटी रेटी घाईती बनाई भागेको अवस्थामा फेला पारी निजले समाई राखेको रगत जस्तो रातो पदार्थ लागेको काठको बिँड भएको फलामको छुरा प्रहरीले रीतपुर्वक बरामद गरी लिई गएको भन्ने बेहोरा समेतको मिति २०७५।०८।०१ गतेको **बरामदी मुचुल्का** ।

(२) धादिङ जिल्ला थाक्रे गाउपालिका वडा नं.३ स्थित पुर्वमा सन्त बहादुर सुनारको घर,पश्चिममा बुद्धिमान सुनारको घर, उत्तरमा कृष्णबहादुर सुनारको खेतवारी, दक्षिणमा कच्ची बाटो, यति चार किल्लाभित्र कृष्णबहादुर सुनारको घर, उक्त घरमा कृष्णबहादुर सुनारलाई निजकै छोरा ध्रुव बहादुर सुनारले धारिलो हतियार छुराले घाँटी रेटी घाईती बनाएको समेत व्यहोराको मिति २०७५।०८।०१ गतेको **घटनास्थल मुचुल्का ।**

(३) मिति २०७५।०८।०१ गतेका दिन बेलुका अं.०८:२० बजेको समयमा जिल्ला धादिङ थाक्रे गाउपालिका वडा नं.३ बस्ने वर्ष ५५ को कृष्णबहादुर सुनारलाई निजकै छोरा ध्रुवबहादुर सुनारले धारिलो हतियार छुराले घाँटीमा रेटी घाइते बनाई भागी गएकोमा निजलाई खोजतलास गरी पकाउ गरी घटनामा प्रयोग भएको छुरा समेत बरामद गरी बरामदी मुचुल्का र घटनास्थल मुचुल्का समेत तयार पारी यसै प्रतिवेदन साथ पेस गरेको छु भन्ने बेहोरासमेतको **प्रहरी प्रतिवेदन ।**

(४) मिति २०७५।०८।०१ गते बेलुका मेरो काका नाता पर्ने कृष्णबहादुर सुनारलाई निजकै छोरा ध्रुवबहादुर सुनारले धारिलो हतियार छुराले घाँटी रेटी घाइते बनाएकोमा निजको उपचारको क्रममा मृत्यु भएको हुँदा निजलाई कानुन बमोजिम कडाभन्दा कडा कारबाही गरिपाउ भन्ने बेहारो समेतको मिति २०७५।०८।०१ गतेको **आशिक सुनारको जाहेरी दरखास्त ।**

(५) जिल्ला काठमाडौ महानगरपालिका वडा नं.१४ बल्खुस्थित बयोधा अस्पतालको इमरजेन्सी वार्डको १ नं. बेडमा मृतक कृष्णबहादुर सुनारको लास रहेको, उक्त लासको अनुहारमा रगत लागी घाँटीको अगाडिको भागकमा धारिलो हतियारले काटेजस्तो प्वाल घाउ रही रगत लपतिएको, लिङ्ग र मलद्धार सामान्य रहेको भन्ने बेहोरासमेतको मिति २०७५।०८।०१ गतेको **लास जाँच मुचुल्का ।**

(६) घटनास्थलबाट बरामद भई आएको Insecticide नामक विषको बट्टा र घटनामा प्रयोग भएको रगतजस्तो रातो पदार्थ लागेको कर्दजस्तो देखिने चुपी (छुरा) मलाई देखाउँदा हेरी उक्त कर्दजस्तो देखिने चुपी (छुरा) ले नै मैले बुबाको घाँटीमा रेटी घाइते बनाएको हतियार हो र विषको बट्टा आमाले आबेगमा आई सेवन गरेको विषको बट्टा यही नै हो भनी प्रतिवादी ध्रुवबहादुर सुनारले गरी दिएको मिति २०७५।०८।०१ गतेको **सनाखत कागज** ।

**प्रश्न नं. ३४**

(७) बरामद भई आएको रगतजस्तो रातो पदार्थ लागेको कर्द जस्तो देखिने हतियार चुपी (छुरा) र विषको बट्टा परीक्षणको लागी पठाएको मिति २०७५।०८।०२ गतेको पत्र

(८) मृतक कृष्णबहादुर सुनार मेरो कान्छो ससुरा हुन् मिति २०७५।०८।०१ गतेका दिन प्रतिवादी ध्रुवबहादुर सुनारले मृतकलाई धारिलो हतियार चुपी(छुरा) ले घाटीमा रेटी घाइते बनाई मैले बुबालाई काटेको हो भन्दा हिँडेपछि थाहा पाई हेर्दा मृतकको घाँटी काटी घाइते भएको देखेको हो । निज प्रतिवादीले पहिलादेखि नै मृतक कृष्णबहादुर सुनारलाई काट्छु मार्छु भनेर हिँड्ने गरेको समेत सुनेको हुँ । निज प्रतिवादीले आफ्नो बुबालाई कर्तव्य गरी मारेको हुँदा निजलाई कडाभन्दा कडा कारबाही होस् भन्ने बेहोराको **गोविन्द प्रसाद पौडेल र रामकुमार सुनारले गरी दिएको घटना विवरण कागज ।**

(९) बुबा कृष्णबहादुर सुनारले गाउँका स्वास्नी मानिस दिदि बहिनीहरु छोरीहरुसँग समेत नाजायज सम्बन्ध राख्ने गरेको गाउँघरका मानिसहरुबाट समेत बुझेकोले मैले यस विषयमा बुबालाई बारम्बार सम्झाई बुझाई गर्दा पनि बुबाले सो कुरा नसुनी उल्टै मलाई हप्काई दप्काई गर्ने गरेको, मेरो कुरा नसुनेकोले मलाई रिस उठी मिति २०७५।०८।०१ गतेका दिन बेलुका बुबालाई घरमा एक्लै भएको मौकामा चुप्पी (छुरा) ले घाँटीमा रेटी घाइते बनाएकोमा उपचारको क्रममा बुबाको मृत्यु भएको हो भनी **प्रतिवादी ध्रुव बहादुर सुनारले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।**

(१०) मृतक कृष्णबहादुर सुनारको मृत्यु Shape force injury to neck the presence of blunt force head injury कारण भएको भन्ने **शव परीक्षण प्रतिवेदन** ।

(११) प्रतिवादी ध्रुवबहादुर सुनारले आफ्नै घरमा सुतिरहेका बुबा कृष्णबहादुर सुनारलाई धारिलो हतियार छुराले घाँटी रेटी घाइते भएकोमा सोही चोट पीडाको कारण उपचारको क्रममा निज कृष्णबहादुर सुनारको मृत्यु भएको देखिँदा प्रतिवादीको उल्लेखित कार्य मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(१२) मेरो बुबा मृतक कृष्णबहादुर सुनारले निजको छोरी मेरो बहिनी शान्तिलाई पटक पटक जबरजस्ती करणी गरेको भनेको र मृतक बाबुले पटकपटक बहिनीलाई आफ्नो गुप्ताङ्ग समाउन लगाएको मैले नै देखेको र त्यसरी मृतक बाबु कृष्णबहादुर सुनारले बहिनीलाई जबरजस्ती करणी गर्ने गरेको र त्यस्तो दुर्व्यवहार गर्ने बाबुलाई मारिदिनु भनी बहिनीले पनि पटकपटक मलाई भनेको हुँदा त्यसमा मलाई अत्यन्तै रिस उठिरहेको हुँदा मैले बाध्यतावश बुबालाई छातीमा छुरा प्रहार गरी मारेको हुँ । सोही चोटबाट निज बाबु कृष्णबहादुर वि.क.को मृत्यु भएको हो भन्ने प्रतिवादी ध्रुवबहादुर सुनारले **धादिङ जिल्ला अदालतमा गरेको बयान ।**

(१३) वादी नेपाल सरकारको तर्फबाट घटनाको विवरणको कागज गर्ने व्यक्तिहरु गोविन्द प्रसाद पौडेल र रामकुमार सुनार,बरामदी मुचल्काका मानिसहरु, घटनास्थल मुचुल्काका मानिसहरु, प्रहरी प्रतिवेदक तथा प्रतिवादीका साक्षीहरु समेतले अदालतमा गरी दिएको बकपत्र ।

(१४) धादिङ जिल्ला अदालतबाट भएको फैसला ।

(१५) उच्च अदालत पाटनमा दिएको पुनरावेदन पत्र